# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ९, संख्याः ५, मितिः २०८२/०९/१६

## भाग–१

## भरतपुर महानगरपालिका शिक्षा ऐन,२०७५
## (चौथो संशोधन, २०८२)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका शिक्षा ऐन,२०७५ (चौथो संशोधन, २०८२)

नगर सभाबाट पारित मितिः २०८२/०९/०८
प्रमाणीकरण मितिः २०८२/०९/१४

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५ (संशोधन सहित) मा समय सापेक्ष देहाय बमोजिम चौथो संशोधन गर्न वान्छनीय भएकाले।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यो ऐनको नामः भरतपुर महानगरपालिका शिक्षा ऐन,२०७५ (चौथो संशोधन २०८२) रहेको छ।

ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. दफा (८) को उपदफा (१) को खण्ड (च) मा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट शिक्षा समितिले मनोनीत गरेको एक जना भनी उल्लेख भएकोमा सो को सट्टमा **"सामुदायिक विद्यालयमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरेका कार्यरत शिक्षक र प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको कम्तिमा १ जना महिला सहित ३ जना"** भनी संशोधन गरिएको छ।

३. दफा (८) को उपदफा (१) को खण्ड (छ) मा संस्थागत विद्यालयको प्रधानाध्यापक मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना भनी उल्लेख भएकोमा सो को सट्टमा **"संस्थागत विद्यालयमा कार्यरत शिक्षक र प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको २ जना"** भनी संशोधन गरिएको छ।

४. दफा (८) को उपदफा (१) को खण्ड (च१) मा भएको व्यवस्था हटाउने।

---

आज्ञाले,
**वीरेन्द्रदेव भारती**
प्रमुख प्रशासकीय अधिकृत